मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**विपत्तिबाट बचौं र बचाऔं**

- विपत्तिवाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुन:स्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोवास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बजेट खर्चमा मकवानपुरका तीन पालिका अब्बल

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ मकवानपुरको १० वटा स्थानीय तहमध्ये विकट कैलाश, राक्सिराङ र मनहरी गाउँपालिका बजेट खर्चमा अब्बल देखिएका छन् ।

आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनमा प्रतिशतको हिसाबमा तीन पालिकाले ८४ प्रतिशतमाथि खर्च गरेका हुन् । मनहरी गाउँपालिकाले भर्खरै सकिएको आर्थिक वर्षमा कुल विनियोजनको ८७ दशमलव ८५ प्रतिशत बजेट खर्च गरेको छ भने राक्सिराङ गाउँपालिकाले पनि कुल विनियोजनको ८६ दशमलव २८ प्रतिशत बजेट खर्च गर्न सफल भएको छ ।

कैलाश गाउँपालिकाले पनि कुल विनियोजनको ८४ दशमलव ०४ प्रतिशत खर्च गरेको छ । मनहरी गाउँपालिकाको कुल ९० करोड ५९ लाख २१ हजार रुपैयाँमध्ये ७९ करोड ५८ लाख ९३ हजार रुपैयाँ खर्च भएको गाउँपालिकाका लेखाअधिकृत देबेन्द्र प्रधानले जानकारी दिएका छन् ।

राक्सिराङ गाउँपालिकाले आव २०८०/८१ मा ६३ करोड २४ लाख ९६ हजार रुपैयाँको बजेट बिनियोजन गरेकोमा ५४ करोड ५७ लाख ५८ हजार रुपैयाँ खर्च गर्न सफल भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिएका छन् । कैलाशले गत आवमा ५२ करोड ४२ लाख ५५ हजार रुपैयाँ बजेट बिनियोजन गरेकोमा चालुतर्फ २६ करोड ८३ लाख ४० हजार अर्थात ८३ दशमलव १५ प्रतिशत खर्च गरेको प्रमुख प्रशासकीय अधिकृत बिनोद रोक्काले बताएका छन् । विकास बजेटतर्फ १७ करोड ११ लाख १४ हजार अर्थात विनियोजनको ८४ दशमलव ९४ प्रतिशत खर्च गरेको छ ।

हेटौंडा उपमहानगर पालिकाले पनि गत आर्थिक वर्षमा ८० प्रतिशतमाथि बजेट खर्च गर्न सफल भएको छ । बिगतको वर्षको तुलनामा उपमहानगरको बजेट खर्चको अवस्थामा सुधार आएको छ । आव २०८०/८१ मा कुल २ अर्ब ९२ करोड २९ लाख ६६ हजार रुपैयाँ विनियोजन गरेको हेटौंडा उपमहानगरमा २ अर्ब ३४ करोड ५१ लाख २२ हजार अर्थात कुल विनियोजनको ८० दशमलव २३ प्रतिशत खर्च भएको उपमहानगरका सूचना अधिकारी भानुभक्त थपलियाले बताएका छन् । थाहा नगरपालिकाले पनि ८० प्रतिशतमाथि नै खर्च गर्न सफल भएको छ ।

थाहाले गत आर्थिक वर्षका लागि एक अर्ब ३ करोड ७० लाख विनियोजन गरेकोमा ८३ करोड २४ लाख २१ हजार अर्थात कुल विनियोजनको ८० दशमलव २७ प्रतिशत खर्च गरेको तथ्यांक सार्वजनिक गरेको प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले जानकारी दिएका छन् ।

ईन्द्रसरोबर गाउँपालिकाले पनि करिब ८० प्रतिशत हाराहारी खर्च गरेको देखिएको छ । कुल ४९ करोड २८ लाख ८५ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा ३९ करोड ५ लाख ४१ हजार अर्थात कुल विनियोजनको ७९ दशमलव २१ प्रतिशत खर्च भएको गाउँपालिकाले जनाएको छ ।

मकवानपुरगढी गाउँपालिकाले पनि ८० प्रतिशत माथि प्रगति गरेको छ । ७० करोड ५५ लाख ७६ हजार रुपैयाँको बजेट विनियोजन गरिएकोमा ५६ करोड ९७ लाख ६८ हजार अर्थात ८० दशमलव ७५ प्रतिशत खर्च भएको गाउँपालिकाको राजस्व, अनुगमन तथा योजना शाखा प्रमुख प्रकाश न्यौपानेले जानकारी दिए । भीमफेदी गाउँपालिकाको खर्च ६८ दशमलव ७१ प्रतिशतमै खुम्चिएको छ । भीमफेदीमा कुल ७५ करोड ६५ लाख ६३ हजार रुपैयाँको बजेट विनियोजन गरिएकोमा ५१ करोड ९८ लाख ६१ हजार रुपैयाँ मात्र खर्च भएको तथ्यांक छ ।

बागमती र बकैया गाउँपालिकाले पनि ८० प्रतिशतमाथि नै खर्च गर्न सफल भएका छन् । बागमती गाउँपालिकाले गत आवमा ६८ करोड ५५ लाख ८६ हजार रुपैयाँको बजेट विनियोजन गरेकोमा ५७ करोड ४३ लाख ५६ हजार अर्थात ८३ दशमलव ७८ प्रतिशत खर्च गरेको छ ।

बकैया गाउँपालिकाले पनि कुल विनियोजनको ८३ दशलव ९७ प्रतिशत खर्च गरेको छ । कुल ८१ करोड ७० लाख १४ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा ६८ करोड २४ लाख २१ हजार रुपैयाँ खर्च भएको गाउँपालिकाले जनाएको छ ।

# राप्तीतटमा फलफूलका बिरुवा रोपियो

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ हरित सुन्दर नगरीको पहिचान बनाएको हेटौंडा उपमहानगर पालिकाले हेटौंडा-१० राप्तीतट क्षेत्रमा फलफूलका बिरुवा रोपेको छ ।

बजार क्षेत्रमा फूलका बिरुवा हुर्काउनलाई प्राथमिकतामा राखेको उपमहानगले बाइपासको राप्तीतटीयक्षेत्रमा फलफूलका बिरुवा रोपेको हो ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा र प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले तटीय क्षेत्रमा आँप, एभोकार्डो, लिची, रुखकटहर, अम्बा सहितका फलफूलका बिरुवा रोपेका हुन् ।

बिरुवाले फल दिने अवस्था भएपछि स्थानीय बासिन्दा सहित राप्तीतटीय क्षेत्रमा आउँनेले फलफूल खाँदै रमाउन सक्ने बताइएको छ ।

उपमहानगरले राप्ती पुलबाट दक्षिण कुष्माण्ड क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने तयारी अनुसार त्यस क्षेत्रमा बृक्षरोपण कार्यलाई प्राथमिकतामा राख्दै आएको छ ।

# निरन्तर वर्षाले सबैभन्दा सफा हेटौंडा, काठमाडौंको वायु 'स्वस्थकर'



साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/निरन्तरको वर्षाले बागमती प्रदेशको मुकाम हेटौंडा सहर सबैभन्दा सफा बनेको छ । काठमाडौं उपत्यकाको वायु 'स्वस्थकर' बनेको छ ।

वातावरण विभागको पछिल्लो २४ घण्टाको रेकर्डअनुसार सबैभन्दा कम एक्यूआई मकवनपुरको हेटौंडामा चार रेकर्ड भएको छ । सबैभन्दा कम एक्यूआर्य रेकर्ड भएकाले देशका विभिन्न सहरमध्ये हेटौंडा सफा रहेको सरकारी मापनले देखाएको हो । यसैगरी, काठमाडौं उपत्यकाको विभिन्न स्थानमा वायुको गुणस्तर एक्यूआई (एयर क्वालिटी इन्डेक्स) ४४ भन्दा कम छ ।

एक्यूआई सबैभन्दा कम रत्नपार्कमा १२ छ । यस्तै, ललितपुरको खुमलटारमा २५, शंखपार्कमा ३२ र भक्तपुरमा ४४ छ । विश्व स्वास्थ्य संगठनले एक्यूआई ५० भन्दा कम रहेको वायुलाई स्वस्थकर मानेको छ । सोभन्दा माथि भए वायु अस्वस्थकर तथा जति एक्यूआई बढ्दै गयो उति हानिकारक मानिन्छ ।

एक्यूआईमार्फत हावामा आँखाले देख्न नसकिने प्रदूषणको मात्रा तथा पीएम २.५ जाँचिन्छ । पीएम २.५ ले वायुमा मिसिएका आँखाले देख्न नसकिने २.५ माइक्रोनभन्दा साना कण, कार्बनमोनोअक्साइड, सल्फर, नाइट्रोजन अक्साइड लगायतको मात्रालाई बुझाउँछ ।

काठमाडौंमा फागुनदेखि वैशाख अन्तिमसम्म अधिकतम एक्यूआई ३०० सम्म पुगेको विभागको रेकर्ड छ ।

# बागमती प्रदेशसभा बैठक आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ बागमती प्रदेशसभा बैठक आह्वान गरिएको छ । प्रदेशका सभामुख भुवनकुमार पाठकले ६ साउन दिउँस १ बजेका लागि प्रदेशसभा बैठक बोलाएका हुन् ।

संविधानको धारा १८८ को उपधारा (२) तथा प्रदेशसभा नियमावली २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशसभाको बैठकमा विश्वासको मत प्राप्त गर्ने प्रस्ताव पेश गर्ने भएकाले बैठक आह्वान गरिएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

सभामुख पाठकले बागमती प्रदेशसभा कार्यव्यवस्था परामर्श समितिको बैठक ५ साउन शनिवार दिउँस ३ बजेका लागि राखेका छन् । कार्यव्यवस्था परामर्श समितिको बैठकले आइतबार हुने प्रदेशसभा बैठकको कार्यसूचि तय गर्नेछ ।

नयाँ सत्तासमिकरण अनुसार नेपाली कांग्रेस र नेकपा एमालेले केन्द्रमा सरकार गठन गरेकाले बागमतीमा पनि नयाँ सरकार गठन हुँदैछ ।

२४ असारमा एमालेले मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै उनी अल्पमतमा परेका थिए । सरकारलाई एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले समर्थन कायम राखेका छन् ।

११० सदस्यीय बागमती प्रदेशसभामा सात दलको प्रतिनिधित्व रहेको छ । नेपाली कांग्रेसको ३७, नेकपा एमालेको २७, नेकपा माओवादी केन्द्रको २१, राप्रपाको १३ (सभामुखसहित), नेकपा (एकीकृत समाजवादी) को ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ जना सांसद छन् ।









साझाकुरा

## हाम्रो कुरा

# भागबण्डाको बार्गेनिङ र मन्त्रालय संख्या

'झ्याल-झ्यालमा मन्त्रालय'को बोर्ड झुण्डिएको भन्दै बागमतीमा प्रदेशको पहिलो कार्यकालको अन्तिम सरकारबाट सुरु आलोचना दोस्रो कार्यकालको डेढ वर्षसम्म पनि कायमै छ । अब नयाँ सत्तासमिकरण बनेसँगै दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको बागमतीमा सरकार गठन हुँदैछ । प्रदेशसभामा ३७ सांसदसहित ठूलो दल कांग्रेस र २७ सांसदसहितको दोस्रो ठूलो दल एमालेको स्पष्ट बहुमत छ । केन्द्रीय सत्तासमिकरणको पक्षमा देखिएका साना दल (राप्रपा बाहेक) को बागमती प्रदेशसभामा प्रतिनिधित्व छैन । नयाँ समिकरणामा साना दल नरहेकाले भागबण्डा पुऱ्याउनुपर्ने दबाबमा नरहने कांग्रेस र एमालेले मन्त्रालय संख्या घटाएर आर्थिक भारलाई व्यवस्थापन गर्नुपर्ने दायित्व छ । साना दललाई मन्त्रालय भागबण्डा गर्न नपरेपछि एमाले र कांग्रेसले भाग लगाएर सरकार सञ्चालन गर्न सक्ने देखिन्छ । विगतमा सरकार टिकाउनका लगि साना दललाई भागबण्डा पुऱ्याउन पटक-पटक मन्त्रालय टुक्र्याउने परिस्थितिको अन्त्य हुने विश्वास लिइएको छ । तर, कांग्रेस र एमाले विगतको कमजोरीलाई सच्याएर सानो मन्त्रीमण्डल बनाउन तयार भएर वित्तीय सुशासनको मुद्दामा अगाडि बढ्छन् की बढ्दैनन् ?

भन्ने प्रश्न नागरिक समाजले उठाउन थालेका छन् । बागमतीमा ७ वटा मन्त्रालय मात्रै आवश्यक रहेकोले बाँकी कटौती गर्नुपर्ने स्थानीय बताउँछन् । नेपाली कांग्रेस र एमालेले वित्तीय सुशासनका लागि ७ वटा मन्त्रालय बनाउनुपर्ने अवस्था छ । पहिला साना दललाई जोडेर बहुमत पुऱ्याउनकै लागि यति धेरै मन्त्रालय बनाइयो । अब कांग्रेस र एमालेले पनि मन्त्रालय संख्या घटाएर राज्यको आर्थिक भार कम गराएनन् भने कहिले र कसले गर्छ ? बागमती सरकारले संघीय सरकारको नक्कल गर्दै खोलेको बोर्ड, परिषद्लगायतका संरचना मन्त्रालयको एउटा शाखा र इकाईको रुपमा राखेर काम गर्नुपर्छ । यस्ता संरचना खोल्ने भनेको कार्यकर्ता भर्ती गर्ने उद्देश्य हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित अन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय रहेका छन् । १८ महिनामै चौथोपटक गठन हुने कांग्रेस र एमाले सरकारले मन्त्रालय संख्या घटाउने वा बढाउने निर्णय भने लिइसकेका छैनन् । सरकार गठनबारे एमालेसँग छलफल भए पनि मन्त्रालयको विषयमा कुरा नभएको कांग्रेसले जनाएको छ । छलफलबाट आउने निश्कर्षका आधार मा निर्णय लिइने एमालेले बताएको छ । बागमती प्रदेश सरकार स्थापना भएको साढे ६ वर्षमा चारपटक मन्त्रालय विभाजन भएका छन् । चारैपटक मन्त्रालय फुटाउने र जुटाउने कार्यमा गठबन्धन टिकाउनु प्रमुख कारण बनेको थियो । २०७४ मा प्रदेश स्थापना भएपछि पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले ७ वटा मन्त्रालय बनाएका थिए । साँढे ३ वर्ष सरकारमा बसेका उनले ७ वटै मन्त्रालयबाट सरकार चलाएका थिए । तत्कालीन नेकपा विभाजनपछि भने बागमतीमा मन्त्रालय टुटफुट चलिरहेको छ ।

एकीकृत समाजवादीका राजेन्द्रप्रसाद पाण्डेको कार्यकालबाट साना दललाई भागबण्डा पुऱ्याउन ८ बाट १४ वटा मन्त्रालय पुऱ्याइएको थियो । पछिल्लोपटक २ जेठ ०८० मा बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय बनाएको थियो । १९ चैत ०८० मा विनाविभागीय मन्त्री नियुक्त भएकी नेकपा (एकीकृत समाजवादी)की रमा आलेमगरलाई युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी दिन मन्त्रालय फुटाइएको हो । मुख्यमन्त्री जम्कट्टेलले यसअघि नेपाली कांग्रेस, एकीकृत समाजवादीसहितको सरकारमा कांग्रेसबाट रामकृष्ण चित्रकार लाई जिम्मेवारी दिन मन्त्रालय विभाजन गरेका थिए । ७ जेठ २०७९ मा मन्त्रिपरिषद विस्तार गर्दा चित्रकारलाई विनाविभागीय मन्त्री बनाइएको थियो । ५ भदौमा उनलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिइयो । त्यतिबेला पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय विभाजन गरेर थपिएको उद्योग तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मा चित्रकारलाई दिइएको थियो । मुख्यमन्त्री जम्कट्टेलले १० माघ २०७९ मा मन्त्रालय संख्या घटाएर ११ वटा कायम गरेका थिए । त्यसअघिको १४ वटा मन्त्रालय रहेकामा कम बजेट भएका र प्रभावकारी काम नदेखिएका ३ वटा मन्त्रालय कटौती गरिएको थियो । मुख्यमन्त्रीमा पदभार ग्रहण गर्दै २६ पुस ०७९ मा जम्कट्टेलले मन्त्रालय संख्या घटाउन कार्यदल गठन गरेका थिए । तर, आफ्नो पहिलो निर्णय नै उनले कार्यान्वयनमा लैजान सकेनन् । गठबन्धनको भागबण्डाले उनलाई आफ्नै निर्णयमा उभिन नसक्ने बनायो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ४ गते शुक्रबार १९ जुलाई २०२४ । त्रयोदशी, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:२१, सूर्यास्त ६:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# ठूला दलको सम्झौताले लाचार छायाँमा संविधान



✍ खिमलाल देवकोटा

संविधानको चीरहरणको अर्को अध्याय आरम्भ भएको छ । यो कार्यकालमा यस्ता शृंखला कति देख्नु, भोग्नु र हेर्नुपर्ने हो कुनै ठेगान छैन । २०७२ सालको महाभूकम्पको धक्काले नेपालमा संविधान जारी गर्ने ताकत पैदा भयो भने पनि नेताहरूलाई सद्बुद्धि पलायो, जे भने पनि बेठिक हुँदैन । तर साँचो कुरा संविधान बन्नुका पछाडि संविधानका विषयमा सहमति भएर हैन संविधान जारी भएपछिको सत्ता बाँडफाँडमा कुरा मिलेर जारी भएको थियो ।

पहिलो संविधानसभामा संविधानका विषयमा कुरा नमिलेर संविधान जारी नभएको हैन बरु सत्ता बाँडफाँडमा कुरा नमिलेका कारणले जारी नभएको हो । तर दोस्रो संविधानसभामा संविधान जारी भएको पन्ध्र दिनमा अर्को प्रधानमन्त्री निर्वाचित हुने लगायत राष्ट्रपति, सभामुखसम्म को र कुन दलले पाउने भन्ने कुरामा सहमति भएका कारणले मात्रै संविधान जारी भएको हो ।

संविधानको उक्त व्यवस्था अहिले पनि संविधानमा कायम छ । यसरी सत्ता बाँडफाँडका आधारमा जारी भएको संविधान, शक्ति सन्तुलनलाई ख्याल गरी सम्झौतामा जारी भएको संविधान अहिले शक्ति सन्तुलनमा आएको फेर बदल सँगै फेर्ने, बदल्ने, कुल्चने र चीरहरण गर्ने शृंखला फेरि आरम्भ भएको छ ।

यसपटक संविधानले परिकल्पना नै नगरेको संसद् विघटन गर्ने, प्रधानमन्त्री र सोका विरुद्ध प्रतिगमन भयो भन्दै सडकमा पलेंटी कस्ने राष्ट्रपति मिलेर संविधानको चीरहरण गर्ने कामको आरम्भ सरकार गठनको प्रक्रियाबाटै आरम्भ भएको छ ।

दुई वा दुईभन्दा बढी दलको समर्थनमा बनेको सरकारले विश्वासको मत लिन असफल भएमा राष्ट्रपतिले संसद्को ठूलो दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ भन्ने संविधानको स्पष्ट व्यवस्थामाथि चीरहरण गरियो भन्ने मेरो तर्क छ ।

### ७६(३) को सट्टा ७६(२) को सन्देहयुक्त प्रयोग

त्यसो त यसअघि पटक-पटक संसद्को विघटन, संसद् विघटन गरेर संवैधानिक नियुक्ति, संसदीय सुनुवाइ विना नै संवैधानिक पदमा भर्ती गर्ने, सर्वोच्च अदालतका प्रधानन्यायाधीश आफैं सत्ता भागबण्डामा बस्ने र भाग खोज्ने यस प्रकारका हर्कत यसअघि नै भएका थिए । जसका बारेमा सबै जना भलिभाती जानकार छन् ।

७६(२) को सरकारले विश्वासको मत लिन नसकेमा ७६(३) बमोजिमको सरकार बन्छ भन्ने कुरामा कहींकतै विवाद थिएन । यसअघि पटक-पटक यसै गरिएको थियो । यसैका आधार मा सर्वोच्च अदालतका फैसलाहरू पनि आएका हुन् । त्यसै ठूलो दलको नेताको आधारमा सर कारको नेतृत्व गर्ने काम भएकै थियो तर यस पटक त्यसो भएन । त्यसकारण संविधानको चीरहरण भयो भनिएको हो ।

संसद्बाट विश्वासको मत लिने काम यसभन्दा अघि दर्जनौं पटक भएका हुन् । हरेक पटक ७६(२) बमोजिमको सरकारले विश्वासको मत पाएन भने स्वत: ७६(३) मा जान्छ भनेका कारणले पनि संसद्को ठूलो दललाई सरकारमा जानका लागि रोक्नै मात्रै भए पनि यही सरकार लाई विश्वासको मत दिनुपर्छ भन्ने तर्क स्वयं केपी ओलीले गर्नुभएको भिडियो भाइरल भएको छ । तर, पनि संसद्का दुई ठूला दल मिलेर सम्झौता गरिसकेका हुनाले संविधान विपरित भए पनि सम्झौता बमोजिम गर्न राष्ट्रपति बाध्य भएको र संविधानको चीरहरण गर्ने कामको हिस्सेदारी लिन पुगेको अवस्था छ ।

### ठूला दलको सम्झौताले संविधान लाचार छायाँमा

दुई ठूला दलको सम्झौता संविधान भन्दा माथि हुन्छ ? यो प्रश्न यतिबेला चर्चामा छ । सबै दलको सम्झौता भएको भए पनि संविधानभन्दा माथि हुन सक्दैन भन्ने सामान्य तर्क पनि यतिबेला फेल भएको छ । दलहरूको सम्झौतालाई अदालतले नहेर्ने यसअघिको सर्वोच्च अदालतको व्याख्या पनि काम नलाग्ने भएको छ ।

यसै गरी संविधान हैन दलहरूको सहमति भयो भने जे पनि सम्भव छ भन्ने तर्क हावी हुने खतरा छ । यो खतराका सामु संविधानवाद, कानुनको शासन र संसदीय पद्धति भनेर नथाक्ने साथीहरूको मनस्थिति कस्तो भएको होला अनुमान गर्न सकिन्छ । विज्ञता, संविधान र अभ्यासलाई दराजमा थन्क्याएर विवेकलाई बन्धक राखेर नैतिकताको नाक छोपेर, दुई दलको सम्झौताले संविधानका व्यवस्थाहरूलाई ललकार्ने काममा उद्यत भएको देखिन्छ । लाज छोप्नका लागि भए पनि यो विश्वासको मत ७६ (४) अन्तर्गतको हैन, संविधानको धारा १०० अन्तर्गतको हो भन्न पछि नपरेको देखियो ।

यो कुरा हरेक पटक सत्ताधारी दल विभाजन भएमा वा समर्थन गर्ने दलले समर्थन फिर्ता लिएका कारणले मात्रै विश्वासको मत लिन परेको कुरा जगजाहेर छ । प्रचण्ड स्वयंले पाँचौं पटकको विश्वासको मतमध्ये चारवटा विश्वासको मत यसै धारा अन्तर्गत लिएका हुन् त्यस पटक यस प्रकारको चर्चा समेत भएन । बरु उनले विश्वासको मत नपाएमा धारा ७६ (३) को प्रधानमन्त्री बन्छ भन्ने चर्चा गरिएको थियो । अहिले चर्चाको भाष्य फेरिएको छ ।

### प्रतिगमनको खतरा

संविधानको चीरहरणको जगमा बनेको सरकार अग्रगमनको बाटोमा हिंड्छ भन्ने लाग्दैन । प्रतिगमन नै उसको गन्तव्य हो । प्रतिगमनकै पृष्ठभूमि भएका कारणले पनि यो खतरा अझै बढेर गएको छ । संविधानको चीरहरण गरेर सत्तारोहण भएको छ अब संविधान च्यात्न अर्को आइतवार कुर्नुपर्दैन होला ।

### समावेशीमा हमला

सत्ता चाहिएको कारणले ठूला दल मिल्यौं भन्ने कुरा नबिक्ने भएकाले संविधान संशोधनको बर्को ओढाउने कोसिस भएको छ । संविधान संशोधन गर्दा यो संविधानले संस्थागत गरेका समावेशी चरित्र माथि नै आक्रमण हुने हो भन्ने बारेमा व्यक्त रूपमा आइनै सकेको छ । समावेशिता फाल्दा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षतासम्मै बढार्ने दुस्साहस नहोला भन्न सकिन्न ।

किनकि माओवादीले महत्वपूर्ण उपलब्धि भन्ने अहिलेको गठबन्धनले करबलले स्वीकार गरेका विषय यिनै थिए । खासमा २०४७ सालको संविधानमा रमाएका यो गठबन्धनका लागि नयाँ संविधानले संस्थागत गरेका नयाँ कुरा बोझ बनेका छन् भन्ने कुरा त यो दश वर्षका अभ्यास र अभिव्यक्तिले नै दर्शाइसकेको छ ।

### संसद् विघटनको खतरा

संविधानले संसद् विघटन गर्न पाइन्न भन्ने कुरा राम्ररी लेखेको छ । सो लेखाइका बावजुद पनि दुई-दुई पटकको संसद् विघटन केपी ओलीकै हातबाट भएको हो । उनको यो कदमको बचाउमा उनका पक्षधर राम्ररी नै लागेका हुन् । बरु अहिले त झन् त्यतिवेला संसद् विघटनको विपक्षमा रहेको शक्ति पनि साथमा छ । त्यसैले संसद् विघटन प्रतिगामी हैन, अग्रगामी कदम हुन्छ भनेर अघिल्लो पटक स्थापित गर्न नसकेको भाष्य यतिबेला स्थापित गर्ने प्रयत्न हुनेछ भन्नेमा कुनै द्विविधा छैन ।

### राजनीतिक अस्थिरताको खतरा

राजनीतिक स्थिरता एक दलको बहुमतले हुन्छ त्यो असफल भइसकेको छ । झण्डै दुई तिहाइको सरकारले हुन्छ त्यो पनि असफल भइसकेको छ । पहिलो दल र तेस्रो दल मिल्दा हुन्छ त्यो पनि भएन अब पहिलो र दोस्रो दल मिल्दा हुन्छ कि भनेर परीक्षण गरिंदैछ । अब यो पनि हुने रहेनछ भन्ने प्रमाणित गरेर नेपाललाई अस्थिर राजनीति भएको मुलुकका रूपमा स्थापित गर्ने षड्यन्त्र हुँदैछ । यसबाट पार पाउन प्रयत्न गर्न जरूरी छ ।

### भूराजनीतिक संवेदनशीलता

हरेक पटक सरकार बनाउँदा अब आफैं बनाएको भन्ने कुरा कसैले भन्यो भने त्यो नपत्याउने हदसम्मको अविश्वासी वातावरण तयार भएको छ । यसअघिको सरकार कम्युनिस्ट मिलाइदिने काम उत्तरी छिमेकीले गऱ्यो त्यो भत्काउने र कम्युनिस्ट बीच फाटो पार्ने काम दक्षिण छिमेकीले गऱ्यो भन्ने सहज अनुमान मानिसहरूले गर्न पाउने भएका छन् । त्यसो हो भने दक्षिणको चासो प्रधानमन्त्री फेर्ने मात्रै हैन होला अस्थिरताको आगोमा रोटी सेक्ने पक्कै होला यसतर्फ कसैको चासो छ कि ?

जेहोस्, गठबन्धन परिवर्तन र सर कार फेरबदल स्वाभाविक शृंखलामा देखिंदैन बरु आकस्मिकतामा भएका छन् । यो परिघटनामा दक्षिणको दौडधुप, बिचौलियाहरूको सक्रियता र केही औंलामा गन्ने नेता बाहेक अरूको रहस्यमय मौनता अझ थप चासोको विषय बनेको छ । यही चासो र चिन्ताका पृष्ठभूमिमा मुलुक बाह्य शक्तिको खेल मैदान, बिचौलियाहरूको स्वर्ग र भ्रष्टहरूको रंगमञ्च हुनबाट रोक्नका लागि इमानदारहरू सत्ता गठबन्धनमा भए पनि बाहिर भए पनि भूमिका निर्वाह गर्न जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# त्रिविका सुध्रिन नसकेका दुर्बलताहरु

✍ दुनबहादुर बुढाथोकी

**त्रिचन्द्र** कलेज स्थापना भएको ४२ वर्षपश्चात् विश्वविद्यालयस्तरीय शिक्षा प्रदान गर्न वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालय स्थापना भयो । यसरी आजभन्दा ६४ वर्षपूर्व स्थापित त्रिवि नेपालको सबैभन्दा पुरानो राज्य अधीनस्त संस्था हो । यसरी नेपालमा उच्च शिक्षा प्रवाह, विकास तथा प्रवर्द्धनमा त्रिविले ६ दशकसम्म एकल पसिना मात्र बगाएन, उच्च शिक्षाको विकास र विस्तारमा अतुलनीय योगदानसमेत पुऱ्यायो ।

साढे ६ दशकको यात्रा पूरा गरिसकेको त्रिवि अहिले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ अनुरुप सञ्चालित छ । हाल कुल ४० वटा केन्द्रीय विभाग, ६३ वटा आंगिक र १ हजार ८२ सम्बन्धन प्राप्त गरी कुल १ हजार १ सय ४५ कजेहरु, हाल ७ हजार ८ सय ४१ शिक्षक र ७ हजार ४ सय १३ कर्मचारी गरी कुल १५ हजार २ सय ५४ जनशक्ति रहेको त्रिविले विभिन्न १ सय ५५ विषयहरु अध्यापन गराइरहेको छ । त्रिविअन्तर्गत व्यवस्थापन, कानुन, शिक्षा, मानविकी तथा सामाजिकशास्त्र गरी ४ वटा संकाय, कृषि, वन तथा पशुविज्ञान, मेडिसन, इन्जिनियरिङ, विज्ञान तथा प्रविधि गरी ५ वटा अध्ययन संस्थान र सेडा, सिनास, रिकास्ट, सिराइड गरी ४ वटा अनुसन्धान केन्द्र सञ्चालनमा छन् ।

स्नातक, स्नाकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहका कक्षा सञ्चालन गरिरहेको त्रिविमा औसत १६ विद्यार्थी बराबर १ शिक्षक रहेका छन् । कुल ४ लाख ८२ विद्यार्थी अध्ययनर त रहकोमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी संख्याको हिसाबले कुल १७ विश्वविद्यलयमध्ये यसको हिस्सा ७८ प्रतिशत छ । विश्वविद्यालयलाई कसरी अगाडि बढ्ने-बढाउने भन्ने सम्बन्धमा वि.सं. २०१९ मा त्रिवि परिदृश्य, २०३० अगाडि सारेको छ । प्रधानमन्त्री पदेन कुलपति र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पदेन सह-कुलपति रहने कानुनी प्रावधान रहेको त्रिविमा उपकुलपति सिफारिस समितिको सिफारिसमा कुलपतिबाट र उपकुलपति र उपकुलपतिको सिफारिसमा रेक्टर र रजिस्ट्रारको नियुक्त हुने कानुनी व्यवस्था रहेको त्रिवि अनेकन कमी-कमजोरीहरुबाट गुज्रिरहेको छ । करिब ५ लाख विद्यार्थीको भाग्य र भविष्य मानिएको त्रिविको अन्तरंगमा मूलत: तपसिलका कमी-कजोरीहरु गडेका छन् :

**गन्तव्य किटान** :

त्रिविले आफूलाई अब्बल साबित गर्न निहित उद्देश्य, सोच, गति र गन्तव्य किटान गरेको हुनुपर्दछ । तर विद्यार्थीलाई ज्ञानी, सीपयुक्त, अन्वेषकमध्ये के बनाउने ? शैक्षिक पद्धति शिक्षक केन्द्रित, पुस्तक केन्द्रित, व्यवहार केन्द्रित, प्रक्रिया केन्द्रित वा विज्ञान तथा प्रविधि केन्द्रित के हुने ? शैक्षिक गुणस्तर काम चलाउ वा अन्तर्राष्ट्रिय स्तरको बनाउने ? पाँच, दश, पन्ध्र वा बीस वर्षमा कुन उचाइमा पुऱ्याउने ? त्रिविमा गढेका आर्थिक अपचलन कसरी निरुपण गराउने ? शोध-अनुसन्धान के-कति गुणवत्तापूर्ण हुने ? शैक्षिक पात्रोलाई के-कसरी लागू गर्ने, कसरी बाह्य मुलुकका विद्यार्थी आकर्षण गर्ने ? प्रस्ट सोचको अभाव छ । अर्थात् गति, गन्तव्य र गम्भीरताको किटान गर्न सकिएको छैन ।

**कानुन** :

त्रिविलाई समयसापेक्ष प्रतिस्पर्धी तुल्याउन यससम्बद्ध कानुन समसामयिक संशोधन गरिएको हुनुपर्दछ । तर त्रिवि आजभन्दा ३ दशकअघि निर्मित कानुन (त्रिभुवन विश्वविद्यालय ऐन, २०४९) अनुसार सञ्चालित छ । त्यस्तै, सरोकारवालासँग पर्याप्त छलफल नगरी उच्च शिक्षा विधेयक मस्यौदा तयार पारिएको मात्र छैन, अहिले संघीय संसद्मा अड्किएको छ । कानुन न्याय तथा संसदीय मामला मन्त्रालयबाट शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा फिर्ता भएको दुई महिना बितिसक्दा पनि दिइएको सुझाव सम्बोधन गरी अगाडि बढाउन इच्छा जनाइएको छैन ।

**पदाधिकारी** :

त्रिविलाई उद्देश्यमुखी र अब्बल बनाउन नाजायज राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउनुपर्दछ । तर प्रधानमन्त्री पदेन कुलपति र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पदेन सहकुलपति हुने कानुनी प्रावधान रहेको मात्र छैन, बल्की उपकुलपति सिफारिस समितिको सिफारिसमा कुलपतिबाट र उपकुलपति र उपकुलपतिको सिफारिसमा रेक्टर र रजिस्ट्रारको नियुक्त हुने कानुनी व्यवस्था छ । प्रधानमन्त्री राजनीतिक दलका नेता हुने भएकाले यी नियुक्तिहरु स्वाभाविकरुपमा राजनीतिक पूर्वाग्रहबाट अछूतो रहने गरेको छैन । त्यस्तै आंशिक प्राध्यापकहरुको नियुक्तिमा समेत राजनीतिक प्रभाव पर्ने गरेको छ । अर्थात्, उपकुलपतिदेखि सहायक क्याम्पस प्रमुखसम्मको नियुक्तिमा राजनीतिक दबाब पर्ने गरेको छ । सोही कारण शैक्षिक रुपमा अब्बल साबित भएका स्वर्णपदक विजेता, कार्यदक्षता-अनुसन्धानमा अब्बल, विशिष्टीकृत गुण भएका प्रध्यापक नियुक्तिबाट वञ्चित हुनुपरेको छ । नाजायज राजनीतिक दबाब तथा हस्तक्षेप कर्मचारीको नियुक्ति, सरुवा, सेवासुविधा र तालाबन्दीमा समेत पर्ने गरेको हो ।

राजनीतिक चलखेलका कारण, उपकुलपति तथा सेवा आयोगको अध्यक्षमा नियुक्ति सिफारिसमा चुकिएको छ । सिफारिस समितिले उपकुलपतिका लागि दरखास्त आह्वान गर्दै निकालेको सूचना विवादित भई सच्याएर जारी गर्नुपरेको हो भने सेवा आयोगको अध्यक्षमा सिफारिस गरिएको एकल नामे विवादित बनेको कारण पुन: तीनजनाको नाम पठाइएको हो ।

**जीवनोपयोगी सीप**:

त्रिविले आफ्नो साख बचाइराख्न यसले प्रदान गर्ने शिक्षा व्यावहारिक, जीवन उपयोगी र बजार माग अनुकूल हुनुपर्दछ । तर त्रिविले अहिले पनि आजभन्दा ५० वर्षअघि विकसित मुलुकहरुले अवलम्बन गर्ने गरेका पाठ्यक्रम परित्याग गर्न सकेको छैन, जुन २१ शताव्दीमा अर्थहीन भइसकेका छन् । अर्थात् त्रिविले विद्यार्थीलाई सिर्फ ज्ञानी मात्र बनाउन खोजेको छ, सीपयुक्त बनाई स्वरोजगार र आत्मनिर्भर बनाउन चाहिरको छैन । जबकि जीवन जिउनका लागि ज्ञानभन्दा सीप आवश्यक पर्दछ । ज्ञानीले आफसेआफ सीप आर्जन गर्न सक्दैन । वस्तुत: सीप हुनेहरु ज्ञानी हुनु आवश्यक छैन । यहाँसम्म कि इन्जिनियरिङ, चिकित्सा वा विज्ञान तथा प्रविधि अध्यतालाई समेत ज्ञान केन्द्रित गराइएको छ । अर्थात् सीप वा व्यावहारिक प्रयोग नजरअन्दाज गरिएको छ । आव २०७९।८० मा उच्च शिक्षा तहमा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात २०.७२ मात्र रहनुले उक्त कुराको सबुत दिन्छ । विद्यार्थीलाई रोजगारी सर्जक, उद्यमी, विज्ञ बनाउन नसक्दा उच्च शिक्षा आर्जनपश्चात् रोजगारीका लागि सर्वत्र भौंतारिनुपरेको हो ।

**श्रेणीकरण** :

त्रिविद्वारा उत्पादित जनशक्ति विश्वबजारमा बिकाउ गराउन उक्त शैक्षिक संस्था, समकक्षी शैक्षिक संस्थाको दाँजोमा अब्बल साबित हुनुपर्दछ । शैक्षिक संस्थाको अब्बलता निर्धारण मूलत: विद्यार्थीको आकार, प्रतिअध्यापक विद्यार्थीको संख्या, महिला-पुरुषबीचको अनुपात, इन्टर्नसिप, बाह्य मुलुकबाट अध्ययनार्थ भर्ना भएका विद्यार्थीको हिस्सा, शोध-अनुसन्धानको स्तर आदि आधारमा गर्ने गरिन्छ । तर सन् २०२३ मा विश्वविद्यालयको श्रेणीकरण आइरहेको वेवओ मेट्रिक्स इन्फोद्वारा गरिएको श्रेणीकरणमा विश्वका ११ हजार ९ सय ९७ विश्वविद्यालयमध्ये त्रिवि ९ हजार ६७औं स्थानमा रहेको छ । जहाँ हार्डवर्ड, स्ट्यान्डफोर्ड र म्यासाचुसेट विश्वविद्यालयहरु क्रमश: प्रथम, दोस्रो र त्रेसो स्थानमा रहेका छन् ।

त्यस्तै, विश्वविद्यालयको श्रेणीकरण आइरहेका बेलायती संस्था, दी टाइम्स हायर एजुकेसन वर्ल्ड युनिभर्सिटीले जनवरी, २०२४ मा सार्वजनिक गरेको प्रतिवेदनमा विश्वका १ सय ८ मुलुकका १ हजार ९ सय ६ विश्वविद्यालयमध्ये त्रिवि १ हजार २ सय १ देखि १ हजार ५ सयको श्रेणीमै सीमित भएको छ । जसमा स्टुडेन्ट रिभ्यु अन स्टडिप्रोट ५.६ स्टार मात्र प्राप्त गरेको छ । जहाँ, युनिभर्सिटी अफ अक्फोर्ड, स्ट्यान्डफोर्ड युनिभर्सिटी, म्यासाचुसेट युनिभर्सिटी अफ टेक्नोलोजी, हार्डवर्ड युनिभर्सिटी र युनिभर्सिटी अफ क्याम्ब्रिज क्रमश: प्रथमदेखि पाँचौं स्थानमा रहेका छन् ।

**परीक्षा प्रणाली** :

त्रिविप्रतिको विश्वसनीयता अभिवृद्धिका लागि यसले लिने जाँच विश्वसनीय र वस्तुनिष्ठ हुनुपर्दछ । परीक्षा नजिताका लागि अध्यापन गराइरहेका प्राध्यापकलाई विश्वास नगरी परीक्षा नियन्त्रण कार्यालयलाई निक्षेपण गर्ने गरिएको छ । त्रिविले वार्षिक परीक्षा सञ्चालनका लागि २ अर्ब खर्च मात्र गरेको छैन, बरु परीक्षा सञ्चालनको नाममा एउटा अमुक कर्मचारीले मासिक २ लाखसम्म भत्ता बुझ्ने गरेको बताइन्छ । त्रिविले निर्धारित समयमा परीक्षा सञ्चालन एवं नतिजा प्रकाशन गर्न मात्र चुकेको छैन, बरु नतिजाको विश्वसनीयताउपर पटक-पटक प्रश्नचिह्न लाग्ने गरेको छ । वि.सं. २०७५ मा लिइएको स्नातकोत्तर तहको भौतिकशास्त्र प्रथम सेमेस्टरअन्तर्गतको क्वान्टम मेकानिक्स विषयको जाँचमा लापर्वाहीपूर्ण तरिकाले अधिकांश प्रश्नहरु पाठ्यक्रमभन्दा बाहिर बाट निकालिनु, लापर्वाहीपूर्वक उत्तर पुस्तिका जाँचको कारण दुई तिहाइ विद्यार्थी उत्तीर्ण हुनु त्यसैको दृष्टान्त हो । मात्र ३० जना परीक्षार्थीको नतिजा निकाल्न ६ महिना लगाउनु (जनप्रशासन एमफिल, दशौं ब्याच) वा २ हप्तामा निकाल्न सकिने नतिजा ६ महिना लगाउनु त्यसैको अर्को दृष्टान्त हो ।

**शोध-अनुसन्धान** :

गुणस्तरीय शोध-अनुसन्धान गर्नु, गराउनु त्रिवि ऐन २०४९ मा किटिएको जिम्मवारी हो । तर त्रिविले शोध-अनुसन्धानलाई प्रश्नचिह्नरहित तुल्याउन सकिरहेको छैन । त्रिवि अध्ययन गर्ने विद्यार्थीको शोध-अनुसन्धान केवल लब्धांकपत्रमा अंक प्राप्ति र उपाधी धारण गर्ने साधनको रुपमा लिने गरिएको छ । अर्को शब्दमा भन्नुपर्दा, शोध-अनुसन्धानबाट प्राप्त नतिजालाई पेटेन्टको रुपमा दर्ता गरी आयआर्जन गर्ने वातावरण निर्माण गर्न सकिएको छैन । यी र यस्तै अभ्यासका कारण विश्वविद्यालयको शोध-अनुसन्धान मापन गर्दै आइरहेको टाइम्स हायर इजुकेसनले त्रिविलाई पछिल्लो समयमा शोध-अनुसन्धान वातावरण मेट्रिक्समा सबैभन्दा कम अंक प्रदान गरेको हो ।

**शैक्षिक पात्रो** :

त्रिविले आफ्ना शैक्षिक गतिविधि, सटिकरुपमा अघि बढाउन शैक्षिक पात्रो लागू गरेको हुनुपर्दछ । तर त्रिवि निर्धारित समयमा परीक्षा लिन, नजिता प्रकाशन गर्न, नयाँ भर्ना लिनलगायत शैक्षिक पात्रो कार्यान्वयनमा चुक्दै आएको छ । उदाहरणार्थ त्रिविअन्तर्गतको जनप्रशासन संकाय एमफिल १० औं ब्याचको नतिजा प्रकाशन भएको एक वर्ष व्यतीत भइसक्दा पनि विद्यावारिधिमा भर्नाका लागि अझै आवेदन माग गरिएको छैन । त्रिविको उक्त ढिलासुस्तीबाट पीडित हुनेमध्येमा स्वयं पंक्तिकार पनि एक हो ।

निसन्देह त्रिवि उच्च शिक्षा अध्ययनरत ३ लाख ३५ हजार विद्यार्र्थीहरुको भविष्यसँग जोडिएको संस्था हो । विद्यार्थी संख्या, शिक्षक, राज्यको लगानी, शैक्षिक बजेट, भौतिक पूर्वाधार आदि दृष्टिकोणबाट सबैभन्दा ठूलो विश्वविद्यालय पनि हो ।

*(साभार: नेपाल समाचार-पत्र)*

# ६ दिनसम्म किन फेला परेनन् त्रिशूलीमा हराएका बस ?

काठमाडौं/चितवनको भरतपुर महानगरपालिका-२९ सिमलतालबाट त्रिशूलीमा खसेको दुईवटा बसको ६ दिनसम्म अत्तोपत्तो छैन । २८ असारको बिहान साढे ३ बजे लेदोसहितको पहिरोले वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश-०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स र काठमाडौंबाट रौतहटको गौरका लागि छुटेको बागमती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स बसलाई त्रिशूलीमा खसालेको थियो ।

जिल्ला प्रशासन कार्यालयले टिकट काउन्टरको विवरण र सम्पर्कमा आएका आफन्तले भने अनुसार एन्जल डिलक्समा ३८ जना र गणपति डिलक्समा २७ जना रहेको उल्लेख गरेको छ ।

जसमध्ये गणपति डिलक्सका ३ यात्रुहरु नन्दन दास, जुगेश्वर राय यादव र सरोजकुमार गुप्ता हामफालेर बाँचेका थिए भने बाँकी ६२ यात्रु बेपत्ता भएका थिए । दुर्घटनापछि नदीमा खोजी गर्दा १७ वटा शव फेला परेको छ जसमध्ये ११ जना ती दुई बसको यात्रु भएको पुष्टि भइसकेको छ भने ६ जनाको सनाखत हुन बाँकी छ । गणपति डिलक्सका चालक र सहचालकको शवसमेत भेटिएको छ ।

भेटिएका शवहरु तिनै बसका यात्रु भएको पुष्टि भएको अवस्थामा पनि ४५ यात्रु र दुबै बसको अवस्था भने अज्ञात छ । बस खसेको सूचना पाएलगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनासहितको टोली खोजी तथा उद्धारमा खटिएको छ । सुरुका दिनमा सुरक्षाकर्मीहरुले मोटरबोटमार्फत खोजी गरेका थिए । लामा-लामा बाँसका भाटा तथा रडको सहायताले खोजी गरिएको थियो । हुक र चुम्बकको सहायताले पनि खोजी गरियो ।

पानी धमिलो र अत्याधिक बहाब भएकाले गोताखोर टोलीहरु पानीमुनि जान नसकेको उद्धारमा संलग्न सुरक्षा निकायहरुले बताएका छन् । त्यसपछि सोनार क्यामेरा तथा वाटर ड्रोनको सहायताले पनि खोजी गरियो । यही प्रविधिबाट खोजी जारी छ ।



गृह मन्त्रालयका सचिव एकनारायण अर्याल, प्रहरी प्रमुख वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी बलका प्रमुख राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा घटनास्थल पुगेर अवलोकन गरिसकेका छन् । नवनियुक्त गृहमन्त्री रमेश लेखकले सोमबार पदभार सम्हालेपछिको पहिलो निर्णय नै सिमलताल बस दुर्घटना अध्ययनका लागि सहसचिव छवि रिजालको संयोजकत्वमा कार्यदल गठन गरेका छन् । कार्यदलले बुधबार घटनास्थल पुगेर अवलोकन गरेको छ ।

तर अहिलेसम्म नदीले किनारमा उतारेका शव बटुलेर सनाखत गर्दै आफन्तको जिम्मा लगाउनुबाहेक यो दुर्घटनामा अन्य प्रगति हुन सकेको छैन । निरन्तर एक हप्तासम्म खोजीमा खटिँदा गोताखोरसमेत शिथिल हुने अवस्था भएको उद्दारमा खटिएकाहरु बताउँछन् ।

**किन पत्ता लागेन बस ?**

सशस्त्र प्रहरी बलको खोजी तथा उद्धार विषयमा जानकार डीएसपी लक्ष्मण बस्नेत बस पत्ता नलाग्नुको प्रमुख तीन कारण छन् रहेको बताउँछन् ।

पहिलो, पानीले पल्टाउँदा बसको आकार परिवर्तन भएर चिन्न नसक्ने हुँदा सोनारले दिएको संकेत अपरेटरले बुझ्न नसक्नु । दोस्रो, बस बगाएर हाल खोजी गरिएको क्षेत्र भन्दा अन्यत्र पुऱ्याउनु । तेस्रो, कुनै ठूलो चट्टान वा विशाल ढुंगा तथा खोँचमा बस च्यापिएकाले त्यहाँसम्म सोनार प्रविधिको पहुँच नपुग्नु ।

उनका अनुसार यस्तो किसिमको खोजीमा विशेषगरी क्यानिङ सर्भिलेन्स सोनार सिस्टम प्रयोग गरिन्छ । यो सिस्टमका डिभाइसहरुले धमिलो पानीमा पनि काम गर्न सक्छन् । तर अहिले त्रिशूलीको पानी एकदमै धमिलो र उच्च बहाब भएकाले सोनारको रेजुलेसनले काम गर्न नसकेको उनको बुझाइ छ ।

अहिले त्रिशूलीमा प्रयोग भएको क्यामेराले ३०० मिटर गहिराइसम्म काम गर्ने भनिए पनि त्रिशूलीको अहिलेको पानीका कारण २/३ फिट गहिराइसम्म पनि काम गर्न सकेको छैन । पानीमुनि प्रकाश पनि पुग्दैन । त्यही कारण अन्डर वाटर ड्रोन र क्यामेराहरु प्रभावकारी नभएको नभएको उद्धार कर्ताहरुको भनाइ छ ।

विपद व्यवस्थापन तथा उद्दार मामिलाका जानकार नेपाल प्रहरीका पूर्वएआईजी ठूले राई पनि त्रिशूलीमा पानीको उच्च बहाबका कारण उद्दारकहरु भित्रसम्म जान नसक्नु र गए पनि स्थिर भएर काम गर्न नसक्दा बस फेला पार्न कठिन भएको हुन सक्ने बताउँछन् । 'हुकिङ गरेर पानीमुनिको वस्तु तान्ने तथा पहिचान गर्ने पनि हुन्छ । तर त्यो पनि हाइ करेन्ट र धमिलो पानीका कारण समस्या भएको देखिन्छ', राईले संचारकर्मीसँग भने ।

धेरै देशमा यस्ता नदीहरुमा गरिने खोज तथा उद्दारको शैली नेपालको जस्तै हो । यो अवस्थामा उद्दारका लागि प्रयोग गरिने प्रविधिलाई राडर सिस्टम भनिन्छ ।

त्यही राडर सिस्टमभित्र, वाटर ड्रोनदेखि हुकिङ, सोनार क्यामेरा, चुम्बक विधि पर्छन् । राडार डिभाइसहरु पानीभित्र छाडेर त्यसले पानीभित्रको वस्तु क्याप्चर गर्ने र बाहिर डिस्प्ले गर्ने गर्छ । तर उच्च बहाब र पानी धमिलो भएका कारण सोचेजसरी काम हुन सकेको छैन ।

अहिले त्रिशूलीमा ठूलो बाढी आएको र बाढीमा ढुंगा, माटो काठ, रुखजस्ता बस्तुहरु पनि बगाएर ल्याएकाले खोज्न गाह्रो भएको उद्धारमा संलग्नहरुको भनाइ छ ।

अर्कोतर्फ सोनार तथा वाटर ड्रोन प्रविधिका अपरेटरहरूलाई यस्तो खोज तथा उद्दारको धेरै अनुभव छैन । यहाँका नदीमा यही प्रविधिको प्रयोगबाट उद्दार कार्यहरु गरिरहने अपरेटर भएको अवस्थामा डिभाइसले गरेका संकेतको अर्थ बुझ्न सहज हुने थियो ।

**विदेशी गोताखोरलाई छैन नेपालको अनुभव**

नेपालका तीनवटै सुरक्षा निकायले एक सातासम्म खोजी गर्दा पनि बस नभेटिएपछि गृह मन्त्रालयले भारतबाट खोजी तथा उद्दारको टोली ल्याउने जनाएको थियो । तर अहिलेसम्म भारतको टोली आइनपुगेको चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

'मन्त्रालयस्तरबाट रिक्वेस्ट भएको भन्ने जानकारी हामीलाई आएको थियो । तर अहिलेसम्म भारतबाट खोजी तथा उद्दारका लागि टोली आइपुगेको छैन', यादवले संचारकर्मीसँग भने, 'आन्तरिक स्रोत साधनकै भरमा खोजी गरिरहेका छौं ।'

नेपालका सुरक्षाकर्मी भने बसको खोजी तथा उद्दार पद्धति अन्यत्र देशमा समेत गोताखोर तथा वाटर ड्रोन र सोनार नै रहेकाले विदेशको टोली आउँदैमा पत्ता लाग्नेमा आशावादी छैनन् ।

उद्दारमा खटिएका एक जना गोताखोरले संचारकर्मीसँग भने, 'प्रविधि र तरिका एउटै हो । हामी यहीँका खोलानाला पौडी खेल्दै हुर्किएर गोताखोर बनेकाहरुको काम प्रभावकारी नहुने तर बाह्य देशबाट आउनेबित्तिकै प्रभावकारी हुने भन्ने हुँदैन ।'

पूर्वगृहमन्त्री माधव घिमिरे आफैंले चलाएको बा ९ च १५३१ नम्बरको गाडी ९ असोज २०७३ मा मुग्लिन नजिकै घोप्टेभिर भन्ने ठाउँबाट त्रिशूलीमा खसेको थियो । एक सातासम्म नेपाली सुरक्षाकर्मीहरुले खोजी गर्दा पत्ता नलागेपछि बंगलादेशबाट गोताखोर ल्याएर खोजी गरिएको थियो ।

तर त्यतिबेला त्रिशूलीको बहाब देखेपछि नेपाली गोताखोर पुगेको ठाउँसम्म नपुगी उनीहरु फर्केका थिए । घिमिरे र गाडीको अवस्था अझैसम्म अज्ञात छ ।

'प्रविधि, तरिका एउटै हो । इक्विपमेन्ट उस्तै हो । विदेशी गोताखोर आएका बखत संयोगले पत्ता लाग्यो भने हामीप्रति आम मान्छेको बुझाइ फरक हुने र मनोबल गिर्ने अवस्था आउँछ', उद्दारमा खटिएका नेपाली गोताखोर भन्छन् ।

**'फुटबल ग्राउण्डमा हराएको गुच्चाजस्तो'**

उद्धारकर्ताहरु सुरक्षाकर्मी त्रिशूलीलाई फुटबल मैदान र त्यहाँ हराएको बसलाई गुच्चासँग तुलना गर्छन् । त्रिशूली धेरै गहिरो र अहिले अत्यधिक बहाब भएकाले बस कहाँ पुग्यो भन्ने खोज्न कठिन हुने उनीहरुको भनाइ छ ।

अहिलेसम्म बसको आकृति पनि बिग्रिसकेको हुनसक्छ । गोलो वा चेप्टो आकारको बन्दाखेरि सोनारले डिटेक्ट गरे पनि बसको आकार हो/होइन चिन्न गाह्रो हुने उद्धारकर्ताको भनाइ छ । यस्तो विपद्रुमा खोजीका लागि हाई रेञ्जिङ भएको सोनार सिस्टम उपयुक्त हुन्छ ।

'हामीले प्रयोग गरेका राडरहरु धेरैजसो समुन्द्रमा, जमेको तथा सङ्लो पानीमा प्रयोग हुने प्रविधि हुन् । त्यसकारण ती प्रविधिले राम्रोसँग काम नगरेका पनि हुन सक्छन् । यदि सङ्लो पानी भएको भए कुनै मान्छे वा जहाज डुबेको भए पनि त्यसको पूरै आकृति नै देखाइदिन्थ्यो', सशस्त्र प्रहरी बलका डीएसपी लक्ष्मण बस्नेतले भने ।

यस्तो घटना अन्य देशहरुमा पनि हुन्छन् । तर त्रिशूलीको जस्तो संरचना र पानीको बहाव नहुने उनको भनाइ छ । जति तल गयो त्रिशूली त्यति धमिलो हुँदै गएको छ । यसको अर्थ लेदो र गेग्रानहरु बढ्दै गएको छ । 'यस्तो अवस्थामा 'डिप डाइभ' अर्थात् पानीमुनि जाने भन्ने पनि हुँदैन', उनले भने ।

*(स्रोतः अनलाइनखबर)*

# प्रदीप र दिव्याले सकाए 'एक्टर', जापान राइट्स बिक्री

काठमाडौं/'युवा स्टार' प्रदीप खड्का र नव-अभिनेत्री दिव्या रायमाझीको मुख्य भूमिका रहेको फिल्म 'एक्टर'को छायांकन सकिएको छ । दुई चरणमा गरी ४५ दिन (पोखरामा १० दिन र काठमाडौंमा ३५)मा फिल्म 'प्याकअप' भएको हो । यद्यपि, एउटा गीत खिच्न भने बाँकी छ । त्यसलाई अर्को महिना युरोपमा खिच्ने तयारीमा निर्माण टिम छ । फिल्मलाई लक्ष्मीपूजा (कात्तिक १५ गते)मा प्रदर्शन गरिँदैछ ।



निर्माता थमन कुमार भण्डारीले फिल्ममा प्रदीपलाई फरक भूमिकामा देख्न सकिने जनाएका छन् । प्राप्त जानकारी अनुसार प्रदीपले कलाकारकै भूमिका निभाएका छन् । फिल्ममा भ्यानेटी भ्यानको समेत प्रयोग गरिएको छ । पहिला प्रदीपका लागि भ्यानेटी उपलब्ध गराइएको भनिए पनि यो कथाले नै मागेको थियो । यद्यपि, छायांकनबाहेकको समयमा कलाकारहरुले भ्यानेटी प्रयोग गरेका थिए ।

राजन भुसालको डेब्यु निर्देशन रहेको फिल्ममा प्रदीप र दिव्यासहित राजबल्लभ कोइराला, आना शर्मा, सुशील सिटौला, दिव्य देव, उषा रजक, प्रदीप चौधरी, बादल भट्ट, अनोज पाण्डे, सुप्रज्ञा शर्मा, सिर्जना अधिकारी लगायतको अभिनय छ । दिव्याको यो डेब्यु फिल्म हो । उनी अभिनेता दीलिप रायमाझीकी छोरी हुन् । यही फिल्मबाट राजबल्लभले झन्डै १० वर्षपछि कमब्याक गरेका छन् ।

अदृत फिल्म्सको प्रस्तुतिमा मोती फिल्म्सको निर्माण रहेको फिल्ममा एनिस भुसाल सहनिर्माता र मोती कार्की क्रियटिभ प्रोड्युसरमा छन् । फिल्ममा नरेन्द्र मैनालीको छायांकन रहेको छ । फिल्मको छायांकन सकिएसँगै जापान प्रदर्शन अधिकार समेत बिक्री भएको छ । 'एक्टर'को जापान अधिकार खेमराज शाहको कम्पनी म्याक्स इटरटेन्टमेन्टले खरिद गरेको निर्माता भण्डारीले जानकारी दिए ।

# ३० दिनमा 'प्याकअप' जितु र नीतिको 'ज्वाइँ साब'

काठमाडौं/अभिनेता जितु नेपाल र अभिनेत्री नीति शाहले पहिलोपटक सहकार्य गरेको फिल्म 'ज्वाइँ साब'को छायांकन ३० दिनमा पूरा भएको छ । २३ दिन चित्लाङ र ७ दिन चितवनमा छायांकन गरेपछि फिल्म 'प्याकअप' भएको निर्देशक वसन्त निरौलाले जानकारी दिए । फिल्मको पोस्ट प्रडक्सनको काम पनि सुरु भइसकेको छ । यस वर्षको तिहारमा फिल्मलाई प्रदर्शन गर्ने तयारीमा निर्माण टिम छ ।



फिल्ममा जितु र नीति सहित शिशिर वाङ्देल, प्रकाश घिमिरे, रमेश बुढाथोकी, कविता आले, बुद्दि तामाङ, शिवहरि बैरागी, राजेन्द्र नेपाली, हिमेश पन्त, निमा पाण्डे लगायतको अभिनय छ । जितु र नीतिको जोडी बाँधिएकाले फिल्म रोचक हुनसक्ने देखिन्छ । तर, छायांकन सकिए पनि उनीहरुको 'लुक्स' लुकाएर राखिएको छ । एकैचोटी क्यारेक्टर पोस्टरबाट सार्वजनिक गरिने जनाइएको छ ।

रेड आई फिल्मसले ओएसआर डिजिटल र मौसम फिल्मससँग सहकार्य गरेको फिल्ममा राजकुमार पण्डित प्रस्तुतकर्ता एवं सौगात पण्डित, मिनादेवी पाण्डे र पदमलाल तामाङ निर्मातामा छन् । विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्ममा श्याम तामाङको डीओपी, अर्जुन पोखरेल र महेश ताम्राकारको संगीत, सविन अधिकारीको कथा एवं शंकर धितालको पटकथा र संवाद लेखन छ ।

# चार महिनापछि फिल्म गर्दै दयाहाङ, 'कार्साङ'को वर्कसपमा जोडिए

काठमाडौं/गत वर्ष सर्वाधिक फिल्म रिलिजको 'रेकर्ड' अभिनेता दयाहाङ राईको नाम रह्यो । कूल ९ वटा फिल्म प्रदर्शन भएका थिए । लगभग यही संख्यामा छायांकन पनि गरे । तर, फिल्मको संख्यात्मक वृद्धिले दर्शक भड्किने अवस्था आएपछि उनले गत चैतदेखि न नयाँ फिल्म साइन गरे न छायांकनमा जोडिए । बरु यो बीचमा प्रदर्शन भएका आफ्ना फिल्मको प्रचारमा समय दिए । विदेश पनि घुमे ।

उनले पछिल्लोपटक छायांकन गरेको फिल्म 'घरज्वाइँ' हो, जुन गत चैत ४ गते 'प्याकअप' भएको थियो । अहिले यही फिल्म हलमा प्रदर्शनरत छ । करिब ४ महिनाको विश्रामपछि उनी अब छायांकनमा फर्किँदैछन् । उनको मुख्य भूमिका रहने फिल्म 'कार्साङ'को यसै साताबाट छायांकन गर्ने तयारी भइरहेको छ । र, यसका लागि दयाहाङ 'घरज्वाइँ' प्रदर्शन भएसँगै वर्कसपमा जोडिएका छन् ।

यतिबेला कान्तिपुर फिल्म एकेडेमीमा स्क्रिप्ट र चरित्रको बारेमा छलफल भइरहेको निर्देशक यम शेर्पाले जानकारी दिए । वर्कसपमा दयाहाङसहित पुष्कर गुरुङ, सरिता गिरी, छिरिङ शेर्पा लगायतका कलाकारहरु छन् भने छायाँकारदेखि प्रोडक्सन म्यानेजरसम्म सहभागी छन् । वर्कसप सकिएपछि बाह्रविसे नगरपालिका र भोटेकोसी गाउँपालिकामा फिल्मको छायांकन गरिने जनाइएको छ ।

फिल्ममा जितु नेपाल, दीया मास्के, सृजना निङ्लेकु, बुद्धि तामाङ, छिरिङ शेर्पा, माओत्से गुरुङ, पुसम्राट क्षेत्री, राशी लिम्बु, कर्मा शेर्पा, सोहन थापा, छोकी शेर्पा, पवन गोले लगायतको पनि अभिनय रहनेछ । निर्देशक शेर्पाकै लेखन रहेको फिल्मलाई पुरुषोत्तम प्रधानले छायांकन गर्नेछन् । उनी निर्माता समेत हुन् । गोविन्द बोहरा सह-निर्माता र आङछिरिङ शेर्पा कार्यकारी निर्मातामा छन् ।

# नि:शुल्क शिक्षा कार्यान्वयनको खाका बनाउँदै शिक्षा मन्त्रालय

काठमाडौं/नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनमा अग्रसरता लिएकी छन् । शिक्षा मन्त्रालयका कर्मचारीहरुसँग एक चरणको बिफ्रिङ लिएपछि मन्त्री भट्टराईले निशुल्क र अनिवार्य शिक्षा कार्यान्वयन गर्ने विषयमा पहल लिएकी हुन् ।

३१ असारमा मन्त्रीको पदभार ग्रहण गरेपछि उनले मन्त्रालय भित्र पहिलो चरणको बिफ्रिङ लिएकी छन् । त्यस्तै मानव स्रोत विभाग, विश्वविद्यालय अनुदान आयोग, पाठ्यक्रम विकास केन्द्रसँग अन्तर्क्रिया सकेकी छन् । मन्त्री भट्टराई आफ्नो कार्यकालको सुरुवातमै अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनको खाका बनाउन लागेकी छन् ।

'हामीसँग अनिवार्य र निशुल्क शिक्षा ऐन छ । मैले मंगलबार मन्त्रालयको छलफलमा पनि भनें- अनिवार्य र निशुल्क शिक्षा ऐनलाई कसरी कार्यान्वयन गर्ने भन्ने कुराको खाका बनाउनुपर्छ', भट्टराईले भनिन् । उनले एक यो काम एक महिनामा सक्ने बताएकी छन् । 'यसलाई कार्यान्वयन गर्न स्थानीय र प्रदेश सरकारसँग पनि छलफल गर्छौं, यस सम्बन्धमा कम्तीमा एक महिनाभित्र हामीले एउटा खाका दिनुपर्छ भनेर सोचेका छौं', उनले भनिन् ।

संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने उल्लेख छ । धारा ३१ (१) मा आधार भूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुने उल्लेख छ ।

उपधारा (३) मा अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई नि:शुल्क उच्च शिक्षा पाउने हक हुने र उपधारा ४ मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी सांकेतिक भाषाको माध्यमबाट नि:शुल्क शिक्षा पाउने हक हुने व्यवस्था छ ।

यो संवैधानिक व्यवस्था कार्यान्वयन गर्न २०७५ सालमा संघीय संसदले अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन बनाएको थियो ।

उक्त ऐनको दफा २ (क) मा अनिवार्य शिक्षा बाध्यकारी भएको उल्लेख छ । २०७५ साल असोज २ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको यो ऐन कार्यान्वयन गर्न २०७७ साल असोज १९ गते 'अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी नियमावली'जारी भएको थियो । तर, हालसम्म नेपाली नागरिकले संवैधानिक, कानुनी व्यवस्था अनुसार अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनमा आउन सकेको छैन ।

**२००४ सालदेखिकै आश्वासन**

शिक्षाविद विद्यानाथ कोइरालाका अनुसार नेपालमा अनिवार्य तथा नि:शुल्क शिक्षा हुने भनेर राजनीतिक रुपमा २००४ साल देखि भन्न थालिएको हो । '२००४ सालमा पद्मशमशेरले नेपाल सरकार वैधानिक कानुन जारी गर्दा परेको नि:शुल्क शिक्षाको हक त्यसयता २००७ सालको अन्तरिम शासन विधान, २०४७, २०६३ र २०७२ को संविधानमा निरन्तर समावेश छ । तर, कार्यान्वयन हुन सकिरहेको छैन', शिक्षाविद कोइरालाले संचारकर्मीसँग भने । उनका अनुसार नेपालको संविधान २०१५ र २०१९ सालको संविधानमा भने निशुल्क शिक्षासम्बन्धी व्यवस्था थिएन ।

संविधानमा निशुल्क शिक्षाको विषय राखिए पनि त्यसको जिम्मा कसले लिने भन्ने प्रष्ट नभएको उनको भनाइ छ । 'शिक्षाका लागि पैसा कसले तिर्ने हो ? यसमा जिम्मेवार को हुने हो ? यही दुईवटा प्रश्नको जवाफ मिलेको छैन वा यसको छिनोफानो भएन । समस्या यही हो ।'

पछिल्लो संविधान २०७२ ले कुन तहसम्मको शिक्षा कुन सरकारको भनेर किटान गरेको तर, अनिवार्य र निशुल्क शिक्षा कार्यान्वयन गराउने दायित्व कसको भनेर छिनोफानो नगरिदिएको शिक्षाविद् कोइराला बताउँछन् । शिक्षामा हुने खर्च स्थानीय सरकार, प्रदेशले र संघीय सरकार कसले तिर्ने वा सबैले बेहोर्ने तय गरिनुपर्ने उनको सुझाव छ ।

*(स्रोतः अनलाइनखबर)*

# १ वर्षमा रोजगारीका लागि विदेशिए ७ लाख ४१ हजार युवा

काठमाडौं/गत आर्थिक वर्ष २०८०/८१ मा ७ लाख ४१ हजार युवा रोजगारीका लागि विदेश गएका छन् । आव २०७९/८० को तुलनामा यो संख्या थोरैले कम हो ।

२०७९/८० मा ७ लाख ७१ हजार युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए । वैदेशिक रोजगार विभागका अनुसार यो नयाँ र पुन: श्रम स्वीकृति लिएर जाने दुवैको संख्या हो ।

विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले मलेसियाले आप्रवासी श्रमिकको भर्नामा रोक लगाउँदा यो संख्यामा कमी आएको बताउँछन् । उनका अनुसार मलेसियाले सन् २०२३ को मार्च महिनादेखि विदेशी कामदारको भर्नामा रोक लगाएको छ ।

**कुन महिनामा कति गए ?**

विभागका अनुसार गत आर्थिक वर्षको साउनमा ५५ हजार ५७५, भदौमा ५० हजार ८८४, असोजमा ५६ हजार २३५, कात्तिकमा ४३ हजार ६२२, मंसिरमा ६८ हजार २०१ र पुसमा ६५ हजार ८१३ नेपाली रोजगारीका क्रममा विदेशिएका छन् ।

त्यस्तै माघमा ६२ हजार १४७, फागुनमा ६५ हजार ६५८, चैतमा ७० हजार ९३३, वैशाखमा ७० हजार ६३७, जेठमा ७२ हजार ६०० र असारमा ५८ हजार ७३६ वैदेशिएको तथ्यांक छ ।

**यूएई पहिलो गन्तव्य**

विभागका अनुसार पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारीका लागि यूएई नेपाली श्रमिकको पहिलो श्रम गन्तव्य बनेको छ ।

यूएईमा मात्रै गत आवमा १ लाख ९३ हजार ४३९ जना श्रम स्वीकृति लिएर गएका छन् । त्यस्तै मलेसियामा १ लाख ५१ हजार ३९५ जना रोजगारीका लागि गएका छन् । त्यसपछि क्रमश: साउदी अरब, कतार, कुवेत जानेहरू छन् ।

पछिल्ला वर्षमा नेपाली युवाहरू कामको खोजीमा युरोपेली मुलुकसमेत जान थालेका छन् । विभागका अनुसार गत वर्ष क्रोएसिया, रोमानिया, साइप्रस, माल्टा, पोर्चुगल लगायत मुलुकका लागि थुप्रै नेपालीले श्रम स्वीकृति लिएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०४/०३ गते*

यस विद्यालयको वि.व्य.स. को मिति २०८१/०३/२२ को बैठक निणर्य तथा गा.पा. मनहरी शिक्षा शाखाको च.नं. ०५ मिति २०८१/०४/०१ को अनुमति अनुसार यस विद्यालयमा रिक्त रहेको संघीय अनुदान कोटामा शिक्षक पदपुर्तिको लागि शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा प्रचलित कानुन बमोजिम शिक्षक व्यवस्थापन हुनेगरि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र इच्छुक उम्मेदवारहरुबाट तपशिलका कागजातहरु सहित दरखास्त आव्हान गरिन्छ ।

**तपशिल :**

| क्र.सं. | विज्ञापन नं. | तह/विषय | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | नि.मा.वि./गणित | संघीय अनुदान | १ | |

२. शैक्षिक योग्यता : प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।
३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यक परेमा कक्षा अवलोकन पनि गर्न सकिनेछ ।
५. तलव भत्ता : नेपाल सरकार संघीय ससर्त अनुदान अनुसार हुनेछ ।
६. दरखास्त दस्तुर : रु.१००० (एक हजार मात्र) निवेदन साथ पेश गर्नुपर्ने ।
७. दरखास्त दिने अन्तिम मिति २०८१/०४/०९ गते सम्म करार सूचिमा रहेकाको लागि मात्र ।
८. अन्य सबै उमेदवारहरुको लागि : २०८१/०४/१७ गते दिनको ४:०० बजे सम्म दिन सकिने छ ।
९. दरखास्त दिने स्थान : सम्बन्धित विद्यालय र मनहरी गा.पा. शिक्षा शाखा लामिटार ।
१०. सम्पर्क मिति : २०८१/०४/१८ गते ।
११. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
१२. आवश्यक कागजातहरु :
  क) हस्तलिखित निवेदन १ प्रति (उमेदवारको सम्पर्क नं. सहित) ।
  ख) शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति ।
  ग) नेपाली नागरिकताको प्रतिलिपि २ प्रति ।
  घ) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २ प्रति ।
  ङ) सबै कागजातहरुको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

**श्री युवा वर्ष गंगा आधारभूत विद्यालय**
मनहरी-९, रजैया, मकवानपुर
**सम्पर्क नं. :** ९८४५०७१९१२ (प्र.अ.), ९८६५१९१३०५ (वि.व्य.स. अध्यक्ष)

# मनहरीसहित ८१ स्थानीय तहका विभिन्न व्यक्तिविरुद्ध अख्तियारको मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ८१ स्थानीय तहका विभिन्न व्यक्तिविरुद्ध भ्रष्टाचार मुद्दा चलाएको छ । जसमा मकवानपुरको मनहरी गाउँपालिका पनि परेको छ ।




आर्थिक वर्ष२०८०/८१ मा अख्तियारले ८१ स्थानीय तहका तत्कालीन अध्यक्ष, उपाध्यक्ष, मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, निमित्त प्रमुख प्रशासकीय अधिकृत, प्रशासन सहायक, वडाध्यक्ष, शव-इन्जिनियरसहितका पदमा कार्यरतलाई अख्तियारले मुद्दा चलाएको जानकारी दिएको हो । जसमा गैर कानुनी लाभ हानी, घुस रिसवत, प्रतिकूल बकपत्र गरेको, राजश्व चुहावटसहितका कसुरहरु मुद्दामा समावेश छन् । मनहरी गाउँपालिकाको तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईसहित तीन जनालाई आर्थिक वर्ष २०८०/८१ मा अख्तियारले मुद्दा चलाएको उल्लेख छ ।

उनीहरुविरुद्ध अख्तियारले गैरकानुनी लाभ हानी शीर्षकअन्तर्गत् ३२ जेठ २०८१ मा विशेष अदालतमा अरोपपत्र दायर भएको अख्तियारले जनाएको छ । अख्तियारले तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित थप दुई जनाको नाम भने उल्लेख गरेको छैन । अख्तियारले सबै स्थानीय तहका गरेर ४ सय ३४ जनाविरुद्ध भ्रष्टाचार गरेको अभियोगमा मुद्दा चलाएको हो । आर्थिक वर्ष सकिएलगत्तै स्थानीय तहविरुद्ध चलेका मुद्दाको एकीकृत विवरण आयोगले मंगलवार सार्वजनिक गरेको हो ।

जसको पहिलो नम्बरमा २०८० साउन ७ मा ओखलढुंगाको सिद्धिचरण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहित १० जनादेखि लिएर अन्तिम तथा ८१ औं नम्बरमा हुम्लाको सर्केगाड गाउँपालिका तत्कालीन अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत सहित ९ जना विरुद्ध मुद्दा चलाएको छ । जसमध्ये सबैभन्दा बढी सिरहाको नवराजपुर गाउँपालिका अध्यक्ष विश्वमोहनप्रसाद यादव, उपाध्यक्ष शोभाकुमारी यादव र प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतसहित १४ जना विरुद्ध मुद्दा चलेको छ ।

दोस्रोमा रोल्पाको गंगादेवी गाउँपालिकाका उपाध्यक्ष रीता घर्ती र प्रमुख प्रशासकीय अधिकृत सकलदेव यादव सहित १३ जना र सुर्खेतको भेरीगंगा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद पौडेल सहित १३ जना विरुद्ध नै मुद्दा चलेको छ । कतिपय स्थानीय तहमा काम गर्न नसकेका कारण पनि अख्तियार दुरुपयोग भएको पाइएको छ ।

# बागमती गाउँपालिकामा ५० लाख अनियमितता

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ मकवानपुरको बागमती गाउँपालिकामा फर्निचरदेखि कम्प्युटर, ल्यापटप लगायतका विद्युतीय सामग्री खरिदमा अनियमितता भएको पाइएको छ ।

टेण्डरमार्फत खरिद गर्नुपर्ने कार्यालयका सामानहरु कर्मचारी र जनप्रतिनिधिको मिलेमतोमा सोझै खरिद गरिएको भन्दै महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाएको हो ।

विभिन्न सप्लायर्समार्फत् बजारमूल्य भन्दा धेरै मूल्य तिरेर सामग्री खरिद गरिएको पाइएको हो । सोझै सामग्री खरिद गरेकोमा महालेखा परीक्षकको कार्यालयले आपत्ति जनाएको छ । १० लाख भन्दा बढी मूल्यका सामान खरिद गर्दा टेण्डर गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

तर, ५० लाख २५ हजार १०४ रुपैयाँको बिभिन्न सामग्री सोझै खरिद गरेको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ । आर्थिक वर्ष २०७९/८० मा कार्यालयका लागि चाहिने सामान सोझै खरिद गरेको हो । कार्यालयका लागि आवश्यक सामग्री विभिन्न समयमा कोटेसन मार्फत् खरिद गरिएको र महालेखाले एकमुष्ट रुपमा देखाएको बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले दाबी गरे ।

# हेटौंडामा कोरा साइकल र्‍याली हुँदै




साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ हेटौंडामा आगामी शनिवार कोरा साइकल र्‍याली हुने भएको छ । निरन्तर साइकल महोत्सव गर्दै आईरहेको हेटौंडा राइडरस क्लबले कोरा-२०२४ (सातौ संस्करण) आयोजना गर्ने भएको हो ।

'दिस इज नट अ रेस, एभ्री वन इज अ वीइनर' स्लोगन राखेर सामूहिक रुपमा गरिने वृहत साइकल यात्राले सहरलाई साइकलसँग जोड्नुका साथै धार्मिक तीर्थस्थल र स्थानीय बस्तीलाई पहिचान गराउने उद्देश्यका साथ र्‍याली आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । करिब ५० किलोमिटर दुरीमा हुने साइकल र्‍यालीमा चितवन, बारा, पर्सालगायत काठमाडौंका २ सय ५० जना भन्दा बढी राईडरहरुको सहभागिता रहने अनुमान गरिएको क्लबका अध्यक्ष विकास ताम्राकारले बताए ।

हेटौंडाको भुटनदेवी मन्दिरबाट सुरु हुने र्‍याली हेटौंडा बजार, सानोपोखरा, बनस्खण्डी, जलेश्वर महादेव मन्दिर, चौकीटोल, सामरी, शिखरकटेरी, सालकपार्क, राजदेवी हुँदै एक्लेखेत, हर्नामाडी, हटिया, चौघडा, पिप्ले, कान्तिराजपथ हुँदै बुद्धचोक, राईडर्सचोक लक्ष्मण साइकल अगाडि आई सम्पन्न हुनेछ । च्यालेन्जमा १२ वर्ष उमेर माथिका महिला, पुरुष दुवैले सहभागिता जनाउन सक्नेछन् । हालसम्म २ सय जनाले नाम दर्ता गराईसकेको अध्यक्ष ताम्राकारले बताए । कार्यक्रममा नि:शुल्क जर्सीको व्यवस्था गरिएको छ । कार्यक्रम सम्पन्न गर्नका लागि कुल ५ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको आयोजकले जनाएको छ ।

# कांग्रेस-एमालेसहित सत्तापक्षको मुख्यसचेतकमा बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौला सत्तारुढ दलहरुको मुख्य सचेतकमा नियुक्त भएका छन् ।

प्रधानमन्त्री तथा नेकपा एमाले संसदीय दलका नेता केपी शर्मा ओलीले बर्तौलालाई बुधवार सत्तारुढ दलहरुको मुख्यसचेतक पदमा मनोनयन गरेका हुन् ।

नेकपा एमाले संसदीय दलको विधान २०७७ र संघीय संसद्का पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा पाउने गरी बर्तौलालाई प्रतिनिधिसभामा मुख्यसचेतक पदमा साउन २ गतेबाट लागू हुनेगरी मनोनयन गरिएको जनाइएको छ ।

मुख्यसचेतकलाई सत्तारुढ दलबाट नियुक्त गर्ने गरिन्छ । मुख्यसचेतकले सत्तारुढ दलका प्रमुखसचेतकको समेत नेतृत्व गर्ने संसदीय व्यवस्था छ । बर्तौला यसअघि एमालेको सचेतक र प्रमुख सचेतक भएर काम गरिसकेका छन् । प्रत्यक्ष निर्वाचित सांसद बर्तौला पहिलोपटक प्रतिनिधिसभामा पुगेका हुन् । पहिलोपटकमै उनले निरन्तर राजनीतिक उपलब्धी हासिल गरिरहेका छन् ।

# प्रजिअ चिलुवाललाई राप्रपाले बुझायो ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले प्रमुख जिल्ला अधिकारी (सिडियो) तीर्थराज चिलुवाललाई ज्ञापनपत्र बुझाएको छ ।

मकवानपुरमा फैलिएको रेबिजरोग नियन्त्रण र बैंकिंक क्षेत्रको नियमनका विषयमा ध्यानाकर्षण गराउँदै बुधबार सिडियो चिलुवाललाई तीनबुँद्धे ज्ञापनपत्र बुझाइएको हो । ज्ञापनपत्रमा मकवानपुरमा रेबिज लागेको कुकुरको उचित व्यवस्थापन नहुँदा टोकाईको कारण जनजीवन प्रभावित भएको स्थितिलाई तत्काल नियन्त्रण गर्नुपर्ने, बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको विषयमा ऋृणीको घर, व्यवसायमा मानसिक यातना पुग्ने तनाव दिने प्रवृत्ति रोक्नुपर्ने लगायत विभिन्न विषयमा नियम बमोजिम गर्न गराउन र नियम बमोजिम दण्ड सजायको समेत सहजीकरण अबिलम्ब सम्बन्धित निकायबाट गराउने प्रबन्ध मिलाउन व्यवस्थान गर्न माग गरिएको छ ।

ज्ञापनपत्र बुझाउने क्रममा राप्रपा बागमती प्रदेश सचिव गुञ्जनबहादुर न्यौपाने, बागमती प्रदेश सदस्य नवराज थपलिया, जिल्ला उपाध्यक्ष अर्जुनप्रसाद गौतम, जिल्ला सह-कोषाध्यक्ष सन्दिपकुमार सापकोटा, क्षेत्रीय सचिव विकास दुलाल, युवा मोर्चा अध्यक्ष बिबेकबिक्रम शाह, हेटौंडा नगर अध्यक्ष अरुण लामालगायतको सहभागिता रहेको थियो ।

## हेटौंडा उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सार्वजनिक सूचना !

यस उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरूको आ.व. २०८०/८१ को कारोबार विवरणसहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८१/०८२ को कारोबार सुचारू गर्नुपर्ने व्यवस्था रहेकोले मिति २०८१ श्रावण १ गतेदेखि अर्को सूचना नभएसम्मको लागि फर्म, उद्योग तथा कम्पनीबाट नदीजन्य पदार्थको बिक्री वितरण कार्य बन्द गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार यो सूचना जारी गरिएको छ ।

राजश्व व्यवस्थापन शाखा
**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय

## बागमती प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
## हेटौंडा अस्पताल
हेटौंडा, नेपाल

## करार सेवामा लिने सम्बन्धी सूचनाको संसोधन गरिएको

*दोश्रो पटक सूचना प्रकाशित मिति २०८१/०४/०२ गते*

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, हेटौंडा अस्पतालका लागि तोकिएको स्वीकृत दरबन्दीमा "चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८" बमोजिम करारमा पदपूर्ति हुने गरी तपशिल बमोजिमका पदहरुमा मिति २०८१/०४/०१ गते साझाकुरा राष्ट्रिय दैनिकमा प्रथम पटक१५ दिने प्रकाशित सूचनामा क्र.सं. २४ र २५ विज्ञापन नं. २०८१/८२-२४ र २०८१/०८२-२५ को पदहरु डेन्टल हाइजिनिष्ट र डार्करुम सहायक/रेडियोग्राफरको तह पाँचौं हुनुपर्ने तथा डार्करूम सहायक/रेडियोग्राफरको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्नेमा अन्यथा हुन गएकोले जानकारीको लागि पून: यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि हेटौडा अस्पतालको वेभसाइट www.hetaudahospital.gov.np मा हेर्न वा सुचना अधिकारीलाई सम्पर्क गर्न सकिन्छ ।

**हेटौडा अस्पताल**

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

## श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
| --- | --- | --- |
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**
- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाई प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

"मकवानपुरको शिक्षामा शान, गुणस्तरीय शिक्षा भुटनदेवीको पहिचान"

## श्री भुटनदेवी माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

SEE नतिजा २०८० मा शैक्षिक गुणस्तरमा जिल्लामै प्रथम स्थान हासिल गर्न सफल भुटनदेवी मा.वि.मा साइन्स, कमर्स र CTEVT मा भर्ना खुल्यो ।

## कक्षा ११ मा भर्ना खुल्यो !

मकवानपुर जिल्लाको उत्कृष्ट शैक्षिक धरोहर एवम् प्रसिद्ध शैक्षणिक केन्द्र भुटनदेवी मा.वि. मा शैक्षिक सत्र २०८९ का लागि कक्षा ११ मा साइन्स, कमर्स, सिभिल इन्जिनियरिङ् र CTEVT अन्तर्गतको ३ बर्षे सिभिल इन्जिनियरिङ विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं ।

**हाम्रा आकर्षणहरु**
- शैक्षिक सत्र २०८० को SEE परीक्षामा सामुदायिक विद्यालयतर्फ जिल्लामै उत्कृष्ट हुन सफल भएको,
- यस विद्यालयमा अध्यापन गर्ने सबै शिक्षकहरूले आफ्ना बाबुनानीहरूलाई आफ्नै विद्यालयमा भर्ना गरी शैक्षिक गुणस्तर अझ माथि उठाउन क्रियाशील भएको अतिरिक्त तथा सहक्रियाकलापसहित सस्तो, सुलभ र गुणस्तरीय शिक्षाको प्रतिबद्धता भएको,
- विद्यार्थीको चाहना बमोजिम कक्षा ११ मा कम्प्युटर साइन्स विषय पनि पढाइ हुने,
- अत्याधुनिक साइन्स ल्याब, कम्प्युटर ल्याब र सुविधा सम्पन्न पुस्तकालय भएको,
- SEE परीक्षामा ३.२१ र सोभन्दा माथि जिपिए ल्याउने विद्यार्थीलाई पूर्ण छात्रवृत्ति, जिपिए २.४१ देखि ३.२ सम्म ल्याउनेलाई भर्ना र मासिक शुल्कमा ५० प्रतिशत छात्रवृत्ति तथा जिपिए १.६ देखि २.४ सम्म ल्याउनेलाई २५ प्रतिशत मासिक शुल्कमा छात्रवृत्तिको व्यवस्था भएको,
- आर्थिक रुपमा अति विपन्न र जेहेनदार विद्यार्थीलाई केही विशेष सुविधा भएको भर्ना फारम धमाधम वितरण भैरहेको छ ।
- साइन्स र कमर्सको कक्षा संचालन श्रावण १३ गतेदेखि हुने
- कक्षा ११ सिभिलको भर्ना फारम भर्ने समय २०८१ असार ३१ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण २ गते बिहान ११:०० बजे
- CTEVT इन्जिनियरिङ्गको भर्ना फारम भर्ने समय २०८१ श्रावण १३ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण १९ गते दिउँसो १:०० बजे

**थप जानकारीका लागि :**
**मोबाइल नम्बर : ९८४५४५९८०५, ९८४५२८६८३०, ९८४९७३६१२२**

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**
- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

**कार्यक्रमहरू**

| | |
| --- | --- |
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

## मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

## Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापखाना